परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ६८ पृष्ठ ४ २०८२ पुष १४ गते, सोमबार 29 December, 2025 मूल्य रु. ५/–




हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## रातो खोलाबाट अवैध माटो उत्खनन गर्दै गर्दा जेसिबी र ५ वटा ट्याक्टर नियन्त्रणमा



टक नेपाल

महोत्तरीको जलेश्वर नगरपालिका-७ स्थित रातो खोलाबाट अवैध रूपमा माटो काट्दै गरेको अवस्थामा प्रहरीले एक जेसिबी र पाँच वटा ट्र्याक्टर नियन्त्रणमा लिएको छ।

मिति २०८२ साल ०९ महिना १२ गते खोलाको बीच भागमा अवैध उत्खनन भइरहेको सूचनाका आधारमा अ.प्र.पोष्ट जलेश्वर नगरपालिकाबाट प्र.ना.नि.को कमाण्डमा खटिएको प्रहरी टोलीले छापा मारी ती सवारी साधनहरू नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएका जेसिबी र ट्र्याक्टरहरूलाई रितपूर्वक अ.प्र.पोष्ट जलेश्वर नगरपालिकामा ल्याई राखिएको थियो।

मिति २०८२।०९।१३ गते उक्त जेसिबी र ट्र्याक्टरहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीका लागि जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरीमा पठाइएको प्रहरीले जनाएको छ।

**नियन्त्रणमा लिइएका सवारी साधनहरू यस प्रकार छन्**

ना १ क ४०६२ नम्बरको जेसिबी

स १ त १४७५ नम्बरको स्वराज ट्र्याक्टर

प्र. २-०२-००१ त १०१२ नम्बरको पावर ट्रेक ट्र्याक्टर

ज १ त ९७२३ नम्बरको पावर ट्रेक ट्र्याक्टर

ज १ त ८५०७ नम्बरको सोनालिका ट्र्याक्टर

को १ त ९७६८ नम्बरको आईचर ट्र्याक्टर

प्रहरीका अनुसार अवैध रूपमा खोलाबाट माटो तथा गिटी-बालुवा उत्खनन गर्ने कार्यले वातावरणीय क्षति हुने भएकाले यस्ता गतिविधिमा संलग्न जो-कोहीमाथि कानुनअनुसार कडाइका साथ कारवाही गरिनेछ।

## प्रेम विवाहको निहुँमा सिरहामा कुटाकुट, एक गम्भीर घाइते: प्रहरी ढिलाइ गरेको आरोप

टक नेपाल

सिरहाको सुखीपुर नगरपालिका-६ स्थित खरही टोलमा प्रेम विवाह गरेको निहुँमा दुई पक्षबीच कुटाकुट भएको छ। घटना भएको २४ घण्टा बितिसक्दा पनि प्रहरीले प्रभावकारी छानबिन नगरेको भन्दै पीडित पक्षले आक्रोश व्यक्त गरेका छन्।

कुटपिटमा परी प्रेम विवाह गरेका राजकिशोर यादवका काका देवप्रसाद यादव गम्भीर घाइते भएका छन्। उनको उपचार विराटनगरस्थित गोल्डेन अस्पतालमा भेन्टिलेटरमा राखेर भइरहेको छ। यस्तै, राजकिशोरका बुबा शिवकुमार यादव पनि घाइते भएका छन्।

राजकिशोर यादवले दुई वर्षअघि गाउँकै रामकरण यादवकी छोरीसँग प्रेम विवाह गरेका थिए। विवाहपछि उनीहरू हालसम्म गाउँ फर्किन नसकेको पीडित पक्षको भनाइ छ। छोराले प्रेम विवाह गरेको निहुँमा शनिबार दिनको करिब १०-११ बजेको समयमा धारिलो हतियारसहितको समूहले घरमै आएर कुटपिट गरेको आरोप लगाइएको छ। घटनाको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि मात्र घटना बाहिरिएको हो। एक स्थानीयका अनुसार प्रेम विवाह गरेको केटा पक्ष आर्थिक रूपमा कमजोर र केटी पक्ष सम्पन्न भएकाले सुरुदेखि नै विवाद रहँदै आएको थियो। डरका कारण दम्पती अहिलेसम्म गाउँ फर्किन नसकेको र उनीहरूको एक सन्तानसमेत रहेको स्थानीयले जानकारी दिए। घटनापछि घरमा रहेका अन्य सदस्यहरू पनि त्रासमा रहेको उनको भनाइ छ। प्रहरी प्रशासनले ढिलाइ गर्दा पीडित पक्ष झनै असुरक्षित महसुस गरिरहेको स्थानीयको आरोप छ। राजनीतिक दबाबका कारण अनुसन्धानमा ढिलाइ भइरहेको पीडित पक्षको दाबी छ।



यता जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डीएसपी रमेशबहादुर पालले घटनाबारे छानबिन भइरहेको बताए। दुवै पक्षका केही व्यक्ति घाइते भएको जानकारी दिँदै आरोपित रामकरण यादव फरार रहेकाले खोजी कार्य जारी रहेको उनले बताए।

पीडित पक्ष त्रसित अवस्थामा रहे पनि गाउँमा प्रहरी नपुगेको भन्ने प्रश्नमा डीएसपी पालले आवश्यकताअनुसार प्रक्रिया अघि बढाइने प्रतिक्रिया दिएका छन्।

## माइती नेपालद्वारा वीरगन्ज नाकाबाट यो वर्ष १६३ को उद्धार



टक नेपाल

मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा कार्यरत संस्था माइती नेपाल वीरगन्ज आवधिक गृहले सन् २०२५ मा वीरगन्जस्थित नेपाल भारत सीमा नाकाबाट १ सय ६३ महिला तथा बालबालिकाको उद्धार गरेको छ।

सीमामा निगरानीको क्रममा जोखिमपूर्ण रुपमा भारत तथा त्यहाँबाट तेस्रोमुलुक जान लागेका महिला तथा बालबालिकालाई सीमापारि जानबाट रोकिएको हो । माइती नेपाल वीरगन्ज आवधिक गृहकी प्रमुख पर्यवेक्षक गोमा कुमारी पौडेलले सन् २०२५ को शनिबारसम्म गरी सीमा नाकाबाट उद्धार गरिएका १ सय ६३ मध्ये १ सय ३० जनालाई गृहमा ल्याइएको र ३३ लाई सीमाबाटै अभिभावक तथा प्रहरीको जिम्मा लगाई समेत सोझै नेपाल फर्काइएको जानकारी दिएन् ।

फर्काइएका १ सय ६३ मध्ये ४० जना १८ वर्षसम्मका छन् भने १ सय २३ जना १९ वर्ष माथिका छन् । गृहले यस अवधिमा सन्चालन गरेको दिवसीय तथा अन्य कार्यक्रमबाट २ हजार ७ सय ७४ जना लाभान्वित भएका छन् ।

यस अवधिमा २ हजार ३ सय ५३ जनालाई चेतनामूलक जानकारी पत्र वितरण, २० हजार २ सय ३१ सवारी साधनलाई जाँच, २२ हजार ५ सय जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष सूचना सम्प्रेषण र ३१ जनालाई सामान्य स्वास्थ्य उपचार सेवा दिइएको पौडेलले बताइन् ।

यस वर्ष भारत बिहारको छपरा, सिवान, मोतिहारी, छौडादानो लगायतका स्थानबाट अर्केष्टा नृत्य समूहमा जोखिमपूर्ण रुपमा काम गरी रहेका १८ जना नेपाली चेलीहरुलाई भारतीय प्रहरीको सहयोगमा उद्धार गरी ल्याइएको उनले बताइन् ।

यस वर्ष सीमा क्षेत्रमा रोकेर गृहमा ल्याइएका १ सय ३० जना मध्ये ३२ जनाले भारतको पटनामा रहेको वि-विनर नेटवर्किङ कम्पनीमा काम गर्न जान लागेको बताएका थिए । ३६ जना सानै उमेरमा प्रेममा परी भागेर जान वा प्रेमीलाई भेट्न जान लागेका थिए । २४ जना आफू जाने स्थान सम्बन्धी कुनै जानकारी नभएका थिए ।

१७ जना किनमेल गर्न जाने बहानामा, ६ जना काम गर्न जाने बहानामा, ४ जना आफन्त भेटघाट गर्न जाने बहानामा, ६ जना आर्केष्ट्रा नृत्य समूहमा, २ जना औषधिउपचार गर्न, दुई जना भारत जान लागेको र १ जनाले तेस्रोमुलुक जान लगाएको बताएका थिए ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# सुशासनको वकालतका लागि पारदर्शी दल

नेपालका राजनीतिक दल तथा नेताहरू आफ्ना दस्ताबेज र भाषणमा सुशासनको गाथा खुबै गाउँछन्। पटक-पटक राज्य सत्ता र पार्टी सत्ताको नेतृत्व गरिसकेका उनीहरूले सुशासनका लागि व्यक्तिगत, दलगत तथा संस्थागत रूपमा कठोर कदम चालेको देखिँदैन। बरु उनीहरूकै कारण सुशासन झन् टाढा हुँदै गएको ठान्नेहरू धेरै छन्। भ्रष्टाचार, जवाफहीनता र अपारदर्शिता बढ्दै गएको घटना सन्दर्भ तथा अध्ययन प्रतिवेदनले बोल्ने गरेका छन्। यस्तो अभ्यास राज्यका निकायमा मात्रै होइन, दलसम्मै विस्तारित छ। अझ दलहरूमा सुरक्षित ढंगले आर्थिक अपारदर्शिता मौलाएको छ भन्न सकिन्छ। राजनीतिक दलहरू ठूलै आम्दानी र खर्च गने बलिया संस्था हुन्। तर रकम कहाँ र कोबाट आयो र खर्च कसरी गरियो भनेर पारदर्शी रूपमा भन्दैनन्। यसले गर्दा दलहरूले गर्ने आर्थिक परिचालन शंकाको घेरामा छ। साथै, दल तथा नेताहरूले सुशासनको प्रतिबद्धता व्यक्त गर्ने नैतिक आधार गुमाएका छन्।

दलहरूले कार्यकर्ताबाट नियमित शुल्क उठाउँछन्। सांसद छन् भने उनीहरूसँग पनि उठाउँछन्। तर यसरी उठ्ने रकम 'हात्तीको मुखमा जिरा' जस्तै हो। नियमित गर्ने कार्यक्रमदेखि होलटाइमर कार्यकर्ता पाल्नसम्म ठूलै रकम चाहिन्छ। त्यसका लागि ठूलो स्रोत पनि चाहिन्छ। तर त्यस्तो स्रोतबाट खुलाउन चाहँदैनन्। खासगरी निर्वाचनका बेलामा उठ्ने रकम, गरिने खर्च र औपचारिकताका लागि बुझाइने कागजी विवरणबीच तालमेल मिलेको देखिँदैन।

किनकि, चुनावका बेलामा शीर्ष नेताहरूकै दौडधुप देशव्यापी हुने गर्छ। कतिपय नेताले हेलिकोप्टर पनि प्रयोग गर्छन्। ठूला-ठूला आमसभा गर्छन्। सामाजिक सञ्जालमा विज्ञापन गर्छन्। कार्यकर्ता परिचालनका लागि अदृश्य खर्च पनि अधिक गर्छन्। यी सबै कामका लागि ठूलै राशि चाहिने निश्चित छ।

गतिविधिले खर्च भएको पनि देखिन्छ। तर, कुन स्रोतबाट दलसम्म रकम आइपुग्यो र कहाँ-कहाँ खर्च भयो भन्ने यथार्थ विवरण उपलब्ध हुँदैन। उनीहरूको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा वास्तविकता नै लुकाउने गरिएको छ।

तत्कालीन माओवादी केन्द्रले प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन भएको आर्थिक वर्ष २०७९/८० मा १० हजार रुपैयाँ मात्र चन्दा लिएको वार्षिक लेखापरीक्षण प्रतिवेदन निर्वाचन आयोगमा बुझाएको थियो।

सोही आर्थिक वर्षमा कांग्रेसले २ करोड ६५ लाख ६४ हजार, एमालेले विशेष आर्थिक सहयोगबापत ७५ लाख र अन्य विशेष सहयोग शीर्षकमा ४ करोड ३१ लाख ६८ हजार रुपैयाँ गरी कुल ५ करोड ६ लाख ६८ हजार, रास्वपाले स्वदेशमै व्यक्तिगत १ करोड ८६ लाख २५ हजार ८ सय ३५ रुपैयाँ चन्दा उठाएको विवरण निर्वाचन आयोगलाई दिएका थिए। कांग्रेस, एमाले, रास्वपा, जसपा कसैले पनि चन्दादाताको विवरण उल्लेख गरेका छैनन्। एकीकृत समाजवादी र राप्रपाले भने आंशिक रूपमा चन्दादाताको विवरण लेखापरीक्षण प्रतिवेदनमा खुलाएका छन्।

## डिबिजन बन कार्यालयको अनुरोध

- रुख रोपौँ, वन जोगाऔँ ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौँ, जैविक विविधतालाई बचाइ राखौँ ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौँ, जलवायु परिवर्तको असर न्यनिकरणमा योगदान गरौँ ।
- खोला किनारमा रुख रोपौँ, नदीकटान बाढी रोकथाम गर्दै विपद व्यवस्थापनमा सहयोग गरौँ ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौँ, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुर्‍याऔँ ।
- प्लाष्टिक झोलाको सट्टामा बैकल्पिक झोलाको प्रयोग गरौँ, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुर्‍याऔँ ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयमा सम्पर्क गरौँ ।

डिभिजन बन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

# मधेश प्रदेशभरका कर्मचारीहरूको सिटरोल बुझाउन निर्देशन

● टक नेपाल




प्रदेशभित्रका सबै स्थानीय तहलाई आफ्ना स्थायी कर्मचारीहरूको पद दर्ता, सिटरोल दर्ता र व्यक्तिगत अभिलेख अद्यावधिक गर्न एक महिना भित्र उपलब्ध गराउन मधेश प्रदेश सरकारले निर्देशन दिएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रमुख सचिवस्तरको निर्णयअनुसार सबै स्थानीय तहलाई आवश्यक कागजातसहित विवरण पठाउन निर्देशन दिएको हो । मुख्यमन्त्री कार्यालयका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) र प्रदेश सरकारबीच २०८२ साल कार्तिक २६ गते प्रदेश तथा स्थानीय सेवा (अन्य सेवा समेत) का कर्मचारीहरूको सूचना प्रणाली (एक्क् एयचतबर्ी) पहुँच हस्तान्तरण सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो । उक्त समझदारीपछि स्थानीय तहमा कार्यरत कर्मचारीहरूको अभिलेख एकीकृत र अद्यावधिक गने प्रक्रिया अघि बढाइएको हो । तर, हालसम्म मधेश प्रदेशमा कार्यरत स्थानीय तहका स्थायी कर्मचारीहरूको भौतिक अभिलेख प्रदेश किताबखानामा उपलब्ध नरहेको भन्दै कार्यालयले अभिलेख व्यवस्थापनमा कठिनाइ भइरहेको जनाएको छ।

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ अनुसार स्थानीय तहको संगठन संरचना, पद दर्ता तथा कर्मचारी अभिलेख राख्ने जिम्मेवारी प्रदेश किताबखानाकै भए पनि आवश्यक विवरण नपुग्दा काम अवरुद्ध भएको बताइएको छ । मुख्यमन्त्री कार्यालयले सबै स्थानीय तहलाई आफ्ना स्वीकृत संगठन संरचना र दरबन्दी विवरण पठाउनुका साथै हाल कार्यरत स्थायी कर्मचारी (साविक संघ, स्थानीय सेवा तथा अन्य सेवा समेत) प्रत्येकको छुट्टाछुट्टै व्यक्तिगत फाइल तयार गरी एक महिनाभित्र बुझाउन निर्देशन दिएको हो।

व्यक्तिगत फाइलमा कर्मचारीको सिटरोल दर्ता गरिदिने सम्बन्धी सिफारिस पत्र, कार्यालय प्रमुखबाट प्रमाणित सिटरोल, फोटोसहित प्रमाणित प्रतिलिपि राख्नुपर्नेछ।

साथै, सुरुको स्थायी नियुक्तिदेखि हालसम्मका सबै सेवा सम्बन्धी कागजात, समायोजन ऐनअनुसारको पत्र, शपथग्रहण प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, पदसँग सम्बन्धित सबै तहका शैक्षिक योग्यता तथा तालिम प्रमाणपत्र अनिवार्य गरिएको छ।

नागरिकतामा उल्लेख भएको ठेगानाभन्दा फरक ठेगाना सिटरोलमा उल्लेख गरिएको भए बसाइँसराइ प्रमाणपत्र वा महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र संलग्न गर्नुपर्नेछ। नाम, थर, ठेगाना वा जन्ममितिमा फरक परेमा सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र पनि आवश्यक पर्ने जनाइएको छ।

यसैगरी, स्थानीय तहको संगठन तथा दरबन्दीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ६ अनुसार गठन भएको समितिको प्रतिवेदन र दफा ७ को उपदफा (४) बमोजिमका सम्पूर्ण कागजातहरू प्रदेश किताबखानामा बुझाउन भनिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव रोहित कुमार कोईरालाले हस्ताक्षर गरेको पत्रमार्फत पठाइएको निर्देशनले प्रदेश र स्थानीय तहका कर्मचारी व्यवस्थापनलाई डिजिटल र व्यवस्थित बनाउने लक्ष्य राखिएको जनाइएको छ । समयमै विवरण नआए कर्मचारी सूचना प्रणाली अद्यावधिक र सेवा व्यवस्थापनमा थप समस्या आउने चेतावनीसमेत दिइएको छ।

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

धनगढीमाई नगरपालिका, सिरहा
मधेश प्रदेश, नेपाल

# बुढ्यौली साहित्य समाज महोत्तरीको दोस्रो अधिवेशन तथा सातौं शृखला सम्पन्न




● जीवनराज दाहाल

साहित्य, सृजना र ज्येष्ठ नागरिकप्रतिको सम्मानलाई एउटै सूत्रमा बाँध्दै बुद्‌यौली साहित्य समाज महोत्तरीको दोस्रो अधिवेशन तथा सातौं शृृ ला २०८२ साल पुस १२ गते शनिबार बर्दिवासमा सफलतापूर्वक सम्पन्न भएको छ।

समाजका अध्यक्ष लालबाबु पोखरेलको अध्यक्षतामा तथा बुद्‌यौली साहित्य समाजका अभियन्ता रमेश मोहन अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा साहित्यप्रेमी, स्रष्टा तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन सचिव नारदप्रसाद काफ्लेले गरेका थिए भने सदस्य मोहन गिरीले स्वागत मन्तव्यद्वारा सहभागीहरूलाई आत्मीय स्वागत गरेका थिए।

कार्यक्रममा प्रगतिशील लेखक सङ्घ नेपाल मधेस प्रदेश अध्यक्ष नारायण घिमिरे, बुद्‌यौली साहित्य समाज मधेस प्रदेश समिति सचिव तथा प्रगतिशील लेखक सङ्घ नेपाल महोत्तरी अध्यक्ष रामचन्द्र पौडेल, नेपाली लेखक सङ्घ नेपाल केन्द्रीय सदस्य कुमार दाहाल, गौरीशंकर मिथिला बाङ्मय प्रतिष्ठानका अध्यक्ष प्रेम घिमिरे, कमला साहित्य समाज धनुषाका अध्यक्ष गणेश तिमिल्सिना, जनता माध्यमिक विद्यालय गौरीडाँडाका पूर्व प्रधानाध्यापक तथा साहित्य अनुरागी नेत्र रम्तेल, बुद्‌यौली साहित्य समाज मधेस प्रदेश समितिका अध्यक्ष लम्बोदर काफ्लेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। साथै विभिन्न विद्यालयका प्रधानाध्यापक तथा जनता साहित्यिक मञ्च गौरीडाँडाका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो।

साहित्यिक शृृ लाअन्तर्गत कविता, गीत, गजल र मुक्तक वाचनले सभाहललाई भावनाले भरिएको बनाएको थियो। स्रष्टाहरू स्मृति भण्डारी, शान्ता काफ्ले, केदार सिक्देल, अम्बिका प्रसाद दाहाल, शिवनाथ महतो, ध्रुव बखेल, रामकृष्ण भण्डारीलगायतले आफ्ना सिर्जना वाचन गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि रमेश मोहन अधिकारीले बुद्‌यौली साहित्य समाजको स्थापना उद्देश्य, नीति र योजनामाथि प्रकाश पार्दै ज्येष्ठ नागरिकप्रति सम्मान र साहित्यिक चेतनाको विकासमा समाजले खेलेको भूमिकाको प्रशंसा गरे। समाजले निरन्तर सक्रियता देखाएकै कारण गत कार्तिक महिनामा शिव सावित्री प्रतिष्ठानबाट सम्मान प्राप्त गरेको उल्लेख गर्दै आगामी दिनमा अझ सशक्त यात्राको शुभेच्छा व्यक्त गरे।

खुला सत्रको समापन गर्दै अध्यक्ष लालबाबु पोखरेलले उपस्थित सम्पूर्ण अतिथि तथा साहित्यप्रेमीप्रति आभार व्यक्त गर्दै कार्यसमितिको कार्यकाल समाप्त भइसकेकाले समितिको विघटन गरिएको जानकारी गराए। साथै बन्दसत्रका लागि बुद्‌यौली साहित्य समाज मधेस प्रदेश अध्यक्ष लम्बोदर काफ्लेको संयोजकत्वमा रमेश मोहन अधिकारी र रामचन्द्र पौडेल सदस्य रहेको तीन सदस्यीय निर्वाचन मण्डल गठन गरिएको घोषणा गरे।

बन्दसत्रमा निर्वाचन समितिको आह्वानपछि सदनबाट सर्वसहमतिमा नयाँ कार्यसमिति चयन गरिएको थियो। नवगठित कार्यसमितिअनुसार अध्यक्षमा लालबाबु शर्मा पोखरेल, उपाध्यक्षमा बोधराज दाहाल र सचिवमा सुदर्शन भट्टराई चयन भएका छन्। सदस्यहरूमा मोहन गिरी, देवी घिमिरे, नारद काफ्ले र शान्ता काफ्ले रहेका छन्।

नवगठित कार्यसमितिलाई प्रमुख तथा विशिष्ट अतिथिहरूले टीका र खादा लगाएर सम्मान गरेका थिए। अध्यक्ष पोखरेलले पुनः जिम्मेवारीप्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा समाजलाई अझ सक्रिय, समावेशी र प्रभावकारी बनाउने प्रतिबद्धता जनाए।

कार्यक्रमको अन्त्यमा निर्वाचन समितिका संयोजक लम्बोदर काफ्लेले नवगठित कार्यसमितिको सफल कार्यकालको शुभकामना व्यक्त गर्दै कार्यक्रम समापन गरे। कार्यक्रम जनता माध्यमिक विद्यालय गौरीडाँडा, बर्दिवास-३ को सभाहलमा सम्पन्न भएको थियो।

# अमेरिकी सीईओको वाहवाही : कम्पनी बेचेर कर्मचारीलाई बाँडे ३४ अर्ब

● टक नेपाल



अमेरिकाको लुसियाना राज्यमा रहेको एक कम्पनीमा मालिकले उक्त कम्पनी बिक्री गरेर आफ्ना कर्मचारीहरूलाई ३४ अर्ब रुपैयाँ नगद बोनस बाँडेका छन् । लुसियानास्थित पारिवारिक व्यवसाय फाइबरबन्डका सीईओ ग्राहम वाकरले गरेको त्यस्तो निर्णयले विश्वव्यापी रुपमा चर्चा कमाएको छ । उनले कम्पनी बिक्रीबाट प्राप्त रकमको १५ प्रतिशत हिस्सा आफ्ना त्यहाँका ५ सय ४० जना पूरा समय काम गर्ने कर्मचारीहरूलाई बाँडेका हुन् । उनले कर्मचारीहरूलाई कूल २४ करोड अमेरिकी डलर अर्थात् ३४ अर्ब रुपैयाँ भन्दा धेरै रकम नगद बाँडेका हुन् । फाइबरबन्डलाई अमेरिकी बहुराष्ट्रिय कम्पनी एटोनले १ अर्ब ४० करोड डलरमा खरिद गरेको हो । तर सम्झौताअघि नै सीईओ ग्राहम वाकरले एउटा स्पष्ट सर्त राखेका थिए कि कम्पनी बिक्रीबाट प्राप्त रकमको निश्चत हिस्सा कर्मचारीहरूलाई दिनैपर्छ। वाल स्ट्रिट जर्नलको रिपोर्टअनुसार, कम्पनीले विगतमा कठिन समय पार गर्दा कर्मचारीहरूले देखाएको निष्ठा र समर्पणको सम्मानस्वरूप वाकरले त्यस्तो निर्णय गरेका हुन् । वास्तवमा ती कर्मचारीहरूसँग कम्पनीको कुनै पनि शेयर स्वामित्व नभएतापनि उनीहरूको काम र त्यागबाट प्रभावित भएर वाकरले करोडौं डलर रकम बाँड्ने निधो गरेका थिए ।

**औसत ४ लाख डलर बोनस, पाँच वर्षमा भुक्तानी**

कम्पनीका मालिकले आफूलाई दिने भनेको बोनस रकम सुन्दा कर्मचारीहरू नै अचम्मित भए। औसतमा प्रत्येक कर्मचारीले करिब ४ लाख ४३ हजार अमेरिकी डलर अर्थात ६ करोड रुपैयाँ भन्दा धेरै रकम पाउने भएका छन् । यो रकम एकमुष्ट भने होइन । उनीहरूलाई पाँच वर्षसम्म चरणबद्ध रूपमा दिइनेछ जसका लागि कर्मचारी कम्पनीमै कार्यरत रहनुपने सर्त राखिएको छ । यो रकमको भुक्तानी गत जुन महिनादेखि सुरु भइसकेको छ । सुरुमा धेरै कर्मचारीहरूले त्यति ठूलो रकम बोनस पाउने कुरा पत्याउनै सकेनन् । कसैले त यसलाई मजाक ठाने भने कतिले आँसु झारे । केही कर्मचारीले त बोनस पाएलगत्तै पहिलो किस्ता खर्च गरिसकेको वाकर बताउँछन् । उनले भनेका छ्, 'अन्ततः यो उनीहरूको पैसा हो र त्यसलाई कसरी प्रयोग गर्ने भन्ने निर्णय पनि उनीहरूको नै हो ।'

**जीवन बदल्ने बोनस**

यो निर्णयले धेरै कर्मचारीहरूको जीवन नै बदलिदिएको छ। सन् १९९५ देखि कम्पनीमा काम गरिरहेकी एक महिला कर्मचारी जसले सुरुमा प्रतिघण्टा ५.३५ डलर तलब पाउँथिन्, उनले उक्त बोनसबाट आफ्नो घरको ऋण चुक्ता गरिन् र बुटिक पसल सुरु गरिन् । आफ्नो जीवन पहिले तलबदेखि तलबसम्म मात्र सीमित रहेकोमा अहिले अवस्था पूर्ण रूपमा बदलिएको उनको भनाइ छ। अन्य कर्मचारीहरूमध्ये कतिले बोनस रकमबाट ऋण तिरेका छन् भने कतिले कार किने । त्यसैगरी कतिले सन्तानको कलेज शुल्क तिरे भने कतिले अवकाश कोष मजबुत बनाए अनि कतिपयले चाहीँ परिवारसँग घुम्ने योजना बनाए।

**'संघर्ष, आगलागी र पुनरुत्थानको कथा**

फाइबरबन्डको इतिहास संघर्ष र पुनरुत्थानको उदाहरण हो। कम्पनीको स्थापना सन् १९८२ मा ग्राहमका पिता क्लड वाकरले गरेका थिए। सन् १९९८ मा कारखानामा आगलागी भयो । तर त्यस कठिन अवस्थामा पनि कर्मचारीको तलब रोकिएन। डटकम बबलको समयमा कम्पनीमा कर्मचारी कटौती भएतापनि ग्राहम र उनका भाइले कम्पनी सम्हाल्दै ऋण तिरे र नयाँ शाखा सुरु गरे । जसले गर्दा कम्पनीको व्यवसायमा ४०० प्रतिशतसम्म वृद्धि गरायो । त्यस्तो कठिन अवस्थाबाट गुज्रिएको कम्पनीलाई १ अर्ब ४० करोड डलरसम्म पूर्याउनका लागि दिलोज्यान दिने कर्मचारीहरूको सम्मानमा करोडौं रकम बोनस बाँड्ने ग्राहम वाकरको त्यो कदमको विश्वभर सामाजिक सञ्जालमा प्रसंशा भइरहेको छ।

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबित(ाऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सा(लयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## तीन दलका अध्यक्ष एकै निर्वाचन क्षेत्रबाट सिफारिस



● टक नेपाल

आगामी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दलहरु तीव्र तयारीमा जुटेका छन् । नयाँ दलसहित पुराना राजनीतिक दलले निर्वाचनमा सहभागी हुन उम्मेदवार छनोटको प्रक्रियालाई तीव्रता दिएको छ ।

प्रतिनिधिसभाका लागि प्रत्यक्ष तर्फबाट उम्मेदवार चयनका लागि राजनीतिक दलले जिल्लाको निर्वाचन क्षेत्रबाट उम्मेदवार छनोटमा व्यस्त छन् । चार वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको सप्तरीमा मधेश केन्द्रित तीन राजनीतिक दलले आ-आफ्नो अध्यक्षको नाम एउटै निर्वाचन क्षेत्रबाट सिफारिस गरेको छ ।

राष्ट्रिय मुक्ति पार्टी नेपालले पार्टी अध्यक्ष राजेन्द्र महतोसहित चार जनाको नाम सप्तरी क्षेत्र नं. २ बाट सिफारिस गरेको छ । महतोको पहिलो नम्बर र महासचिव केशव झा, संविधानसभा सदस्य महेश यादव र रीना झाको क्रमशः रुपमा नाम सिफारिस गरेको छ । त्यस्तै गत प्रतिनिधिसभाको निर्वाचनमा सप्तरी क्षेत्र नम्बर २ बाट जनमत पार्टीका अध्यक्ष सीके राउत निर्वाचित भएका थिए ।

यसै क्षेत्रबाट अध्यक्ष राउतको नाम एकल रुपमा सफारिस गरिएको छ भने जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको नाम पनि सोही क्षेत्रबाट सिफारिस गरिएको छ । जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहका अनुसार डा. राउतको जिल्लाका ४ वटै निर्वाचन क्षेत्रबाट उम्मेदवारीका लागि नाम सिफारिस भएको बताए ।

जसपा नेपालको पार्टी अध्यक्ष यादवको सप्तरी- २ बाट एकल नाम सिफारिस गरेको छ । सप्तरी, अध्यक्ष राउत र अध्यक्ष यादवको गृह जिल्ला हो । राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो भने सर्लाहीका छन् । मधेश केन्द्रित दलका नेता तथा कार्यकर्ताले भने तीनै जना नेतालाई एकआपसमा प्रतिस्पर्धा नगरी जिल्लाकै अर्को र फरक फरक निर्वाचन क्षेत्रबाट चुनाव लड्न दबाब दिन थालेका छन् । यता फागुन २१ मा हुने नर्वाचनका लागि अन्य दलहरुले पनि बैठक बसेर उम्मेदवारी टुंगो लगाउन जुटेका छन् ।

# औरही बजारको सार्वजनिक शौचालय सिमेन्ट गोदाममा परिणत, स्थानीय आक्रोशित

● टक नेपाल

महोत्तरी जिल्लाको औरही नगरपालिका-१ मा पर्ने ऐतिहासिक औरही बजारमा निर्माण गरिएको सार्वजनिक शौचालय हाल सिमेन्ट गोदामका रूपमा प्रयोग हुन थालेपछि स्थानीय व्यापारी तथा सेवाग्राही आक्रोशित बनेका छन्।

औरही नगरपालिका-१ स्थित उक्त बजारमा नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा करिब १० लाख रुपैयाँ लागतमा सार्वजनिक शौचालय निर्माण गरेको थियो। पुरुष तथा महिलाका लागि छुट्टाछुट्टै कक्षसहित निर्माण गरिएको शौचालयमा पेन्ट तथा साइनबोर्डसमेत जडान गरिएको छ। शौचका लागि १० रुपैयाँ र पिसाबका लागि ५ रुपैयाँ शुल्क तोकिएको भए पनि हाल शौचालय प्रयोगविहीन भई सिमेन्ट भण्डारण स्थलमा परिणत भएको छ।




यो बजार औरही नगरपालिका-२ मा रहेको श्री प्रसाद सिंह माध्यमिक विद्यालय, औरही नैनी गौरीको मातहतमा ठेक्कामार्फत सञ्चालन हुँदै आएको छ। सार्वजनिक शौचालय सिमेन्ट गोदामका रूपमा प्रयोग भएको विषयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन कुमार यादवले यसबारे आफूलाई कुनै औपचारिक जानकारी नरहेको बताउँदै दुरुपयोग पुष्टि भए आवश्यक कारबाहीको पहल गरिने स्पष्ट पार्नुभयो।

स्थानीय घनश्याम यादवले सार्वजनिक शौचालयलाई सिमेन्ट गोदाममा परिणत गर्नु गम्भीर लापरबाही र सार्वजनिक सम्पत्तिमाथिको खुला दुरुपयोग भएको बताउनुभयो। करदाताको लाखौं रुपैयाँ खर्च गरेर निर्माण गरिएको संरचनालाई निजी प्रयोजनमा प्रयोग गर्नु कानुन र नैतिकताको ठाडो उल्लङ्घन भएको उहाँको भनाइ छ। सम्बन्धित निकायलाई तत्काल चेतावनी दिँदै उहाँले शौचालय अविलम्ब खाली गराई नियमित सञ्चालन नगरे तथा दोषी पहिचान गरी कारबाही प्रक्रिया अघि नबढाए स्थानीयवासी चरणबद्ध आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी दिनुभयो।

शौचालय प्रयोग गर्न नपाउँदा सेवाग्राही खुला शौच गर्न बाध्य हुनु जनस्वास्थ्य र मानव मर्यादामाथिको प्रत्यक्ष आघात भएको उहाँले बताउनुभयो। ऐतिहासिक औरही बजारको प्रतिष्ठामा यसले गम्भीर असर पारेको भन्दै सार्वजनिक संरचनाको संरक्षण गर्न नसकिए स्थानीय सरकारको औचित्यमाथि नै प्रश्न उठ्ने उहाँको भनाइ छ।

औरही उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्रवन चौधरीले सार्वजनिक शौचालयलाई सिमेन्ट गोदामका रूपमा प्रयोग गर्नु बजार व्यवस्थापनप्रतिको गम्भीर गैरजिम्मेवारी भएको टिप्पणी गर्नुभयो। "औरही बजारमा हरेक हप्ता सयौं व्यापारी र हजारौं सेवाग्राही आउने गर्छन्। यस्तो व्यस्त र ऐतिहासिक बजारमा निर्माण गरिएको सार्वजनिक शौचालयलाई प्रयोगविहीन बनाइनु लज्जास्पद विषय हो," उहाँले भन्नुभयो।

सार्वजनिक सम्पत्तिको दुरुपयोगले बजारको छवि, स्थानीय अर्थतन्त्र र जनस्वास्थ्यमा नकारात्मक असर पार्ने उहाँको भनाइ छ। "व्यापारी, ग्राहक तथा बाहिरबाट आउने सेवाग्राही खुला शौच गर्न बाध्य हुनु भनेको स्थानीय सरकार र सरोकारवाला निकायको असफलता हो," उहाँले थप्नुभयो।

पूर्व अध्यक्ष चौधरीले नगरपालिकासहित सम्बन्धित निकायलाई तत्काल हस्तक्षेप गर्न आग्रह गर्दै सार्वजनिक शौचालय तुरुन्त खाली गराई नियमित सञ्चालनमा ल्याउन माग गर्नुभयो। दोषीमाथि स्पष्ट कारबाही नभए बजार व्यवसायी र स्थानीयवासी चुप लागेर नबस्ने चेतावनीसमेत दिनुभयो।

बजारमा किनमेलका लागि बाहिरबाट आएका सेवाग्राही श्याम यादवले नियमित सरसफाइको अभाव र बेवास्ताका कारण शौचालय प्रयोग गर्न नसकिने अवस्था बनेको बताए। केही दिनअघि शिरीष न्युजमा समाचार आएपछि सरसफाइ भए पनि त्यसपछि पुनः सिमेन्ट गोदाम बनाइएको उहाँको भनाइ छ।

विशेषगरी हप्ताको दुई दिन मंगलबार र शुक्रबार लाग्ने औरही बजारमा सयौं व्यापारी तथा ग्राहकको भीड लाग्ने गर्दछ। सार्वजनिक शौचालय प्रयोग गर्न नपाउँदा सेवाग्राही करिब २०० मिटर टाढा खेतमा खुला शौच गर्न बाध्य भएको स्थानीयले बताएका छन्।

यस क्षेत्रकै सबैभन्दा पुरानो तथा ऐतिहासिक बजारका रूपमा परिचित औरही बजारमा निर्माण गरिएको सार्वजनिक शौचालयको यस्तो दुरवस्थाले बजारको प्रतिष्ठामाथि नै प्रश्न उठाएको स्थानीयको भनाइ छ।




मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014